# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड :४** **संख्या : ४** **चैत्र २३, २०७७**


## भाग -१

## मुसिकोट नगरपालिका

### नगर कार्यपालिकाको कार्यालयको

### सूचना

सम्वत २०७७ सालको ऐन नं ४

## स्वास्थ्य ऐन , २०७७

प्रस्तावना: स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ, स्वस्थ एंव सुरक्षित वातावण गुणस्तरिय स्वास्थ्य सेवाको आवश्यकतालाई मनन गर्दै, स्वास्थ्य

सेवाबाट कुनैपनि नगरवासी बन्चित हुने अवस्था आउन नदिन स्थानीय स्रोत साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले प्रत्याभुत गरेको नि:शुल्क, आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहमा व्यवस्थित, जनमुखी, प्रभावकारी, आधुनिक प्रविधियुक्त तथा पहुँचयोग्य बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न आवश्यक भएकोले, स्थानीय सरकारको स्वास्थ्य सम्बन्धि अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उप दफा १ बमोजिम मुसीकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

# परिच्छेद १

# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम स्वास्थ्य ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क) "आकस्मीक उपचार सेवा" भन्नाले विरामीको जीवन खतरामा परेको वा कुनै अङ्ग अशक्त हुने अवस्थामा तत्कालै उपचार सेवा प्रदान गरि मृत्यु वा अशक्त हुनबाट जोगाउने उपचारात्मक सेवाहरु पर्दछन् ।

ख) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आमनागरिकको स्वास्थ्य आवश्यकता पूरा गर्नका लागि राज्यबाट सुलभ रुपमा नि:शुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्दछ ।

ग) "ऐन" भन्नाले स्वास्थ्य ऐन, २०७७ लाई सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले मुसीकोट नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) "गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले मुसीकोट नगरपालिका क्षेत्र भित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्दछ।

च) "चिकित्सक र स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्ने सम्बन्धित परिषद् वाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

छ) "पत्रु खाना" भन्नाले फयाट, चिनी, अजिना मोटो र अत्याधिक रङ्ग वा नुनको अत्याधिक मात्रा भएको प्रशोधित तयारी प्याकिंग गरिएको खाद्य सामग्री बुझिनेछ ।

ज) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धि अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनु पर्दछ ।

झ) "नगरपालिका" भन्नाले मुसीकोट नगरपालिका सम्झनु पर्दछ ।

ञ) "नगरपालिका क्षेत्र" भन्नाले नगरपालिकाको भू भाग सम्झनु पर्दछ ।

ट) "निर्देशिका" भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका सम्झनु पर्दछ।

ठ) "प्रमुख" भन्नाले नगरपालिका प्रमुख सम्झनु पर्दछ ।

ड) "सरकारी स्वास्थ्य संस्था" भन्नाले मुसीकोट नगरपालिका भित्र सरकारले संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्दछ।

ढ) "सेवा प्रर्दायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्था वाट स्वास्थ्य का विषयमा निर्धारित योग्यता वा तालिम हाँसिल गरि सम्वन्धित परिषद् वाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मी सम्झनु पर्दछ र सो शब्दले स्वास्थ्य प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ ।

ण) "सेवाग्राही " भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य लिने व्यक्ति सम्झनु पर्दछ ।

त) "स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर" भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजा स्वरूप पीडित पक्षलाई शारिरिक वा मानसिक रोग लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर बुझ्नु पर्दछ ।

थ) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजत पत्र लिएका सरकारी, गैह्रसरकारी, निजी,

सामुदायीक सहकारी रुपमा संचालित दफा ६ बमोजिमका स्वास्थ्य संस्थालाई जनाउँछ ।

द) "शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य हेर्ने शाखा सम्झनु पर्दछ ।

# परिच्छेद २

# आधारभूत स्वास्थ्य र सेवा प्रदायक

**३. आधारभूत स्वास्थ्य** : (१) कुनैपनि नागरिक लाई स्वास्थ्य बाट बन्चित गरिनेछैन । प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य मा सहज र सर्वसुलभ पँहुच हुनेछ ।

(२) प्रत्येक नागरिकलाई नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्यहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ ।

(क) खोप सेवा,

(ख) नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन, पोषणसेवा सुरक्षित मातृत्व सेवा, परिवार योजना, सुरक्षित गर्भपतन तथा प्रजनन स्वास्थ्य

(ग) सरुवा रोग सम्बन्धि सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक विकलङ्गता सम्बन्धि सेवा,

(ङ) मानिसक रोग सम्बन्धी सेवा,

(च) लागु औषध तथा दुर्व्यसन व्यवस्थापन सेवा,

(छ) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धि सेवा,

(ज) सामान्य आकस्मीक अस्वस्तता सेवा

(झ) स्वास्थ्य प्रवर्द्रन सेवा,

(ञ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य ,

(ट) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरि तोकेका अन्य सेवा,

(ठ) नसर्ने रोग न्युनिकरण गर्नका लागि फिटनेस सेन्टर / योगकेन्द्र

(३) संघीय सरकारले निर्धारण गरेको आधारभूत तथा उपचारात्मक स्वास्थ्य सम्बन्धि मापदण्ड, सेवाहरूको विस्तृत वर्गिकरण, सेवा प्रवाह सम्वन्धी अन्य व्यवस्था र प्रकृया बमोजिम कार्यपालिकाले उपदफा (२) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेछ ।

(४) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरि आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य समेत कार्यपालिकाले निः शुल्क उपलब्ध गराउन सक्नेछ ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायक :** (१) नगरपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सुनिश्चित गर्न सक्नेछ ।

(क) शहरी स्वास्थ्य केन्द्र

(ख) स्वास्थ्य चौकी

(ग) नगर अस्पताल

(घ) रक्त संचार केन्द्र

(ङ) आयुर्वेद औषधालय

(च) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी

(छ) सामुदायीक अस्पताल

(ज) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र / जनता स्वास्थ्य केन्द्र

(झ) गाँउघर क्लिनिक

(ञ) क्षयरोग /कुष्ठरोग उपचार केन्द्र

(ट) पोषण पुनःस्थापना केन्द्र

(ठ) एच.आई.भि. संक्रमितहरुका लागी सामुदायीक हेरचाह केन्द्र

(ड) नसर्ने रोग न्यूनिकरणका लागि फिटनेस सेन्टर/योगकेन्द्र

(ढ) प्रयोगशाला सहितको स्वास्थ्य सेवा केन्द्र

(ञ) आधारभुत स्वास्थ्य सेवा केन्द्र

(२) आधारभूत स्वास्थ्य प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले निजी, गैह्र सरकारी, सहकारी र सामुदायीक स्वास्थ्य संस्थासँग सहकार्य वा साझेदारी गर्न सक्नेछ ।

(३) नगरपालिका भित्र सरकारले संचालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनि सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनैपनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिनेछैन।

**५. नगरपालिका स्वास्थ्य शाखा** : (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि संचालन गर्नको लागि नगर कार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ ।

(२) कार्यपाकालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तरगत आवश्यकता अनुसार इकाईहरू बनाउन सक्नेछ।

# परिच्छेद ३

## स्वास्थ्य संस्था स्थापना तथा संचालन

६. **स्वास्थ्य संस्था स्थापना र संचालनः** (१) नगरपालिका क्षेत्र भित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि कार्यपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ।

(क) नगर अस्पताल

(ख) शहरी स्वास्थ्य केन्द्र

(ग) स्वास्थ्य चौकी

(घ) सामुदायीक स्वास्थ्य इकाई

(ङ) आयुर्वेदिक औषधालय

(च)रक्त संचार केन्द्र

(छ) सार्वजनिक फार्मेसि वा अस्पताल फार्मेसी

(ज) सामुदायीक क्लिनिक

(झ) शहरी स्वास्थ्य प्रवर्धन केन्द्र /जनतास्वास्थ्यकेन्द्र/ प्रयोगशाला सहितको स्वास्थ्य सेवा केन्द्र

(ञ) गाँउघर क्लिनिक

(ट) क्षयरोग/ कुष्ठरोग उपचार केन्द्र

(ठ) पोषण पुनःस्थापना केन्द्र

(ड) HIV संक्रमीतहरुका लागी सामुदायीक हेरचाह केन्द्र

(ढ)आधारभूत स्वास्थ्य सेवा केन्द्र

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मापदण्ड संघीय सरकारले तोके बमोजिम हुनेछ ।

(३) नगरपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरि कार्यपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) नगरपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था वाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्नेछ ।

(५) हरेक स्वास्थ्य संस्थाले अनिवार्य रुपमा आफ्नै फार्मेसी संचालन गरि अत्यावश्यक नि:शुल्क औषधीहरुको नियमित उपलव्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधीहरु सुपथ मूल्यमा उपलव्ध गराउनु पर्नेछ ।

(६) औषधी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

७. **स्वास्थ्य संस्था व्यवस्थापन:** (१) नगरपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि नगर प्रमुख संरक्षक रहने गरि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

(क) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष - अध्यक्ष

(ख) निर्बाचित महिला सदस्य मध्ये वाट समितिले मनोनित गरि तोकेक एक जना महिला सदस्य - उपाध्यक्ष

(ग) वडामा रहेका महिला स्वास्थ्य स्वयम् सेविका मध्ये स्वास्थ्यको जानकार १ जना –सदस्य

(घ) स्थानीय ब्यापार संघको प्रतिनिधि १ जना - सदस्य

(ङ) वडाका शिक्षण संस्थामा कार्यरत (महिला)प्र.अ./शिक्षिका मध्येबाट १ जना -सदस्य

(च) सम्बन्धित वडाको अधिकृत/सचिब १जना - सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख – सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ तर दलित, जनजाती अपांगता, जेष्ठ नागरिक, किशोर, किशोरीलाई प्रत्येक बैठकमा अनिबार्य आमन्त्रण गर्नु पर्ने छ ।

(३) नगरपाकालिका प्रमुख/उप प्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछन ।

(४) व्यवस्थापन समितिको काम, कर्तव्य निम्नानुसार हुनेछन :

(क) आफ्नो स्वास्थ्य संस्थाको बार्षिक योजना बनाइ सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) ब्यबस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) संस्था को भौतिक सरचना निर्माण, मर्मत, जग्गा प्राप्तिको कार्य अनिवार्य ब्यबस्थापन गर्नुपर्ने छ ।

(घ) बार्षिक समिक्षा, सामाजिक परिक्षण जस्ता मुल्यांकनका कार्यक्रम संचालन गर्ने ।

(ङ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजीकरण गर्ने ।

(च) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा ब्यबस्थापन गर्ने ।

(छ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

८. **बैंक खाता संचालन** : हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्नेछ : (१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिले तोकेको सदस्य र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा ब्यबस्थापन र लेखा परिक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

९. **स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्ने** : (१) नेपाल सरकारले निर्माण गरेको मापदण्डका साथै तोकिएको प्रक्रीया पुरा गरेको

सुनिश्चित गरि नगरपालिका क्षेत्र भित्र निजि, गैर सरकारी, सामुदायीक वा सहकारी संस्थालाई कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजत पत्र दिन सक्नेछः

(क) जनरल / प्राथमिक अस्पताल

(ख) नर्सिंङ होम

(ग) निदान केन्द्र

(घ) क्लिनिक

(ङ) औषधि पसल

(च)आयुर्वेदिक औषधालय/वैकल्पिक सेवा/प्राकृतिक चिकित्सा सेवा (योग, फिजियोथेरापी, होमियोप्याथि, युनानी, अन्कुपंचार)

(छ) पुनःस्थापना केन्द्र

(ज) पोलिक्लिक/मोबाइल हेल्थ क्लिनिक

(झ) मेडिकल ल्याब र डायग्नोस्टिक सेवा

(ञ) सामुदायीक स्वास्थ्य हेरचाह केन्द्र

(ट) नसर्ने रोग न्युनिकरणका लागि फिटनेस सेन्टर/योग केन्द्र

(२) इजाजत पत्र प्राप्त नगरि गैर सरकारी वा निजि स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि काम गर्न पाउनेछैन।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था संचालनको अनुमति लिन वा नवीकिण गर्न दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा तिर्नुपर्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रकृयाका साथै नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पुरा भएको हुनुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनु पूर्व नगरपालिकाकाको स्वास्थ्य संस्था अनुगमन समितिले आवेदन परेको पन्ध्र दिन भित्र आवश्यक अनुगमन गरि तोकिएको मापदण्ड पुरा गरे नगरेको विस्तृत अध्ययन गर्नेछ र कार्यपालिका लाई एक महिना भित्रमा सिफारिस गर्नुपर्नेछ ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको मासिक/ वार्षिक प्रतिवेदन (HMIS/DHIS-2) नगरपालिका समक्ष पेश गरि प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकण वा नवीकरण सिफारिस लिनु पर्नेछ साथै मासिक/ वार्षिक प्रतिवेदन (HMIS/DHIS-2) नियमित रुपमा नबुझाए मा नविकरण तथा सिफारिस गरिनेछैन ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्र बाट अन्यत्र सार्नुपर्ने भएमा नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(९) यो ऐन जारी हुनु अघि यस क्षेत्र भित्र संचालित निजी वा गैह्र सरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएको मितिले तीन महिना भित्र कार्यपालिकामा अनुमिति लिन निवेदन दिनु पर्नेछ ।

(१०) परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकियको मापदण्ड र प्रक्रिया अनुरुप सेवा संचालन अनुमति स्वीकृत गराउनु पर्नेछ ।

**१०. दर्ता र सिफारिस लिनुपर्ने** : (१) नगरपालिका क्षेत्र भित्र प्रादेशिक वा संघीय तहमा इजाजत पत्र लिई वा दर्ता भइ संचालन हुने निजि स्तरका स्वास्थ्य संस्थाले स्थापना संचालन र नविकरणको लागि कार्यपालिकावाट संचालन पूर्व अनुमिति वा दर्ता र नविकरण सिफारिस लिनु पर्नेछ ।

(२) दर्ता सिफारिस लिने निजि स्वास्थ्य संस्थाले मापदण्ड वमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत शैयामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क शैया र संस्था भित्र प्राप्त हुने ल्याब परिक्षण निःशुल्क गर्नुपर्नेछ ।

# परिच्छेद ४

## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

**११. गुणस्तर र पूर्वाधारको मापदण्ड पूरा गर्नुपर्ने** :(१) नगरपालिकाले क्षेत्र भित्रका सवै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड वमोजिम सेवा गुणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ।

(२) नगरपालिकाले क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ ।

**१२. अनुगमन गर्ने**: (१) कार्यपालिकाको अनुगमन समितिले दफा ९ बमोजिम संचालन अनुमति लिई नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका प्रत्येक स्वास्थ्य संस्थाको चौमासिक अनुगमन, निरिक्षण तथा मुल्याङ्कन चेकलिष्ट तयार गरि सोहि अनुसार गर्नेछ ।

(२) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समितिले सूची बनाई जुनसुकै बेला पनि नियमन, निरीक्षण र अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गरि नगरपालिकाको प्रतिनिधि का साथै तोकिएको योग्यता भएको विज्ञ सम्मेलित अनुगमन समिति मार्फत गर्नेछ । विज्ञ उपलब्ध गराउन सम्बन्धीत विषयका प्रार्देशिक तथा संघीय तहका

नियामक निकाय तथा अन्य विशेषज्ञ संस्था सँग सहकार्य गर्न सक्नेछ ।

(४) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धीत स्वास्थ्य संस्थामा सिलवन्धी गर्नसक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन समितिले गरेको कारवाही सिफारिसमा आफ्नो राय समेत उल्लेखगरि अन्तिम निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ ।

(६) निरीक्षण, अनुसन्धान तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा संस्था स्थापना र संचालनको स्वीकृति दिने निकायले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभावपर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(७) नगरपालिका भित्र स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मेलित वार्षिक प्रतिवेदन तयार गर्नेछ ।यस्तो प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको छ महिना भित्र कार्यपालिकाले नगरसभामा पेश गरि छलफल गर्नेछ ।

**१३. सेवा शुल्क निर्धारण र पुनरावलोकनः** (१) कार्यपालिकाले संघीय सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिका भित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सो को कार्यन्वयन भए नभए को नियमित अनुगमन गर्नेछ ।

(२) कुनैपनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूलन हुने गरि आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नु पर्ने आधार प्रष्ट खुलाई कार्यपालिका लाई पूर्व जानकारी गराउनु पर्नेछ ।यसरी निर्धारण भएको शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा टाँस्नु पर्नेछ ।

## परिच्छेद ५

## सरसफाई, स्वास्थ्यजन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

**१४. सरसफाई तथा प्रदुषण रोकथामः** (१) कुनैपनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर कार्यपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्न पाइनेछैन । यसका लागि कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ ।

(२) नगरपालिका क्षेत्र भित्र जल, जमिन, वायु र ध्वनि प्रर्दुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्वेवारी हुनेछ ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रर्दुषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रर्दुषण गरेको पाइएमा कार्यपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ।

(५) कार्यपालिकाले सामुदायीक सरसफाई सम्बन्धी कार्यविधि र निर्देशिका बनाई लागु गर्नेछ ।

(६) फोहोर मैला व्यवस्थापन नहुंदा मानव स्वास्थ्यमा पारिरहेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धीत जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(७) जाँच परिक्षणमा कुनै निकायमा फोहोर मैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धीत जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ ।

१५. **स्वास्थ्य जन्य फोहोर व्यवस्थापनः** (१) स्वास्थ्य सम्बन्धी फोहोर मैलाको छुट्टा छुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विर्सजन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य क्षेत्रवाट निष्काशित फोहोर मैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्र सँग समेत सहकार्य र साझेदारी तोकिय बमोजिम हुनेछ ।

## परिच्छेद ६

## जनस्वास्थ्य निरीक्षण र प्रवर्द्दन

**१६. जनस्वास्थ्य निरीक्षणः** (१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेश सँगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ्य निरीक्षकहरू परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनैव्यक्ति वा संस्थाले यस ऐनको दफा १३ र १४ को उल्लङ्घन गरि जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तु स्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ ।

**१७. खाद्य तथा पानीको गुणस्तरः** (१) कार्यपालिकाले संघीय र प्रार्देशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्र भित्र विक्रि तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तिर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ ।

(२) कार्यपालिकाले संघीय तथा प्रार्देशिक तह बाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्ति कर्तालाई संचालन अनुमति दिनेछ ।

(३) कार्यपालिकाले नियमित रूपमा मापदण्ड पालना भए-नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) कार्यपालिकाले योजना बनाई नगरपालिका क्षेत्रभित्र अस्वस्थकर खाद्यपदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गर्नेछ ।

(५) कार्यपालिकाले नगरपालिका क्षेत्र भित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण अनुगमन गर्नेछ ।

(६) कार्यपालिकाले खाद्यसामग्रीको उत्पादन तथा विक्रि वितरणमा किटनाशक औषधी वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ ।

(७) खाद्यान्न, मासु, पानी लगायतका उपभोग्य बस्तु उत्पादन , भण्डारण तथा विक्री वितरणका क्रममा तोकिए बमोजिमको न्युनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्नेछ । यसरी तोकिएका मापदण्डहरु गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरु प्रयोग गरि विक्री वितरण गर्ने निकायहरु लाई समेत लागुहुनेछ ।

(८) यस दफामा उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारिरहेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धीत जनस्वास्थ्य अधिकारी सँग हुनेछ । यसरि जाँच परिक्षण गर्दा निरीक्षकले संघीय सरकार तथा प्रदेश सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनुपर्नेछ ।

(९) जाँच परिक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारिरहेको वा कुनै व्यक्ति विरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धीत जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको संचालन अनुमति रोक्नका लागि सिफारिस गर्न सक्नेछ ।

**१८. अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन** : (१) कार्यपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि, वितरण र उत्पादनका लागि कार्यपालिकावाट छुट्टै इजाजत पत्र लिनुपर्नेछ ।

(३) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिरा जन्य पदार्थ विक्री वितरण गर्न वन्देज लगाइनेछ ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ र प्रयोगमा नियन्त्रण एवं न्युनिकरण गर्न कार्यपालिकाले निषेधित र विक्रि वितरण गर्न खुला क्षेत्र तोक्न सक्नेछ ।

(५) नगरपालिका क्षेत्र भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइनेछैन ।

(६) अठार वर्ष मुनिका वालवालिका, गर्भवती, सुत्केरी महिला, सुधारगृह तथा पुनर्स्थापना केन्द्रमा उपचारत र जेष्ठ नागरिकलाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न पाइनेछैन ।

(७) विद्यालय लगायतका स्थानमा जंकफुडको विक्री वितरण, प्रयोग र उपभोग निषेधित गरिनेछ । निषेधित क्षेत्रमा जंकफुडको विक्री, वितरण, प्रयोग गरेको पाइएमा सम्बन्धीत विद्यालय तथा त्यस्तो जंकफुडको विक्री, वितरण वा प्रयोग गर्ने व्यक्ति वा संस्था वा दुवै तोकिए बमोजिम कारवाही हुनेछ ।

८) बिद्यालय स्वास्थ्य क्षेत्र तथा सार्वजनिक क्षेत्रको एक सय मिटर भित्र मदिरा तथा सुर्ति जन्य पदार्थ विक्रि वितरण गर्न पाईनेछैन ।

९) होटल, रेष्टुरेन्ट , मदिरा पसल लगायत तोकिएका स्थानमा साँझको पाँच बजे अघि र रातको आठ बजेपछि मदिरा जन्य पदार्थ विक्रि वितरण तथा सेवन गर्न पाईनेछैन ।

१०) मदिरा तथा सुर्तिजन्य पदार्थ र अन्य सामाग्रीको विक्री वितरण एकै स्थानमा गर्न पाइने छैन ।

**१९.जनस्वास्थ्य मैत्री भवन निर्माण तथा सडक पूर्वाधार :** (१) नगरपालिका भित्र सार्वजनिक भवनहरु निर्माण गर्दा जनस्वास्थ्य मैत्री हुनुपर्ने **छ** यसमा भवन आचारसंहिता मापदण्ड पालना, खासगरी भूकम्प प्रतिरोधी तथा अपांगमैत्री हुनुपर्ने समेत पर्दछ ।

(२) संघ, प्रदेश वा नगरपालिकाले जोखिमपूर्ण क्षेत्रहरुमा आवास निर्माण गर्न पाइने छैन ।

(३) सडक पूर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने र स्वास्थ्य प्रवर्धनलाई ध्यानमा राखेर निर्माण गर्नुपर्ने छ नयाँ बन्ने सडक र पुराना सडकहरुको स्तरोन्नति गर्दा आवस्यकता अनुसार फुटपाथ र साइकल लेनको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) नगरपालिकाले कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्दा वा निर्माण अनुमति दिनुअघि त्यस्तो निर्माणको क्रममा जनस्वास्थ्यमा पर्नसक्ने प्रभावको मुल्यांकन गर्नसक्नेछ, यस्तो मुल्यांकनबाट जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पर्नसक्ने देखिएमा त्यस्तो प्रभाव न्यूनीकरण गर्ने विधिबाट निर्माण गरिनेछ ।

(२०) **जनस्वास्थ्य मैत्री वस्ती विकास तथा शहरीकरण** : (१) **जनस्वास्थ्य मैत्री वस्ती विकास तथा शहरीकरण प्रवर्द्धन गर्नु नगरपालिकाको दायित्व हुनेछ** जसमा आवश्यकता र सान्दर्भिकता अनुसार स्वास्थ्यका दृष्टिकोणले पर्याप्त खेलमैदान, मनोरञ्जन स्थल, पैदल हिडने व्यवस्था, साइकल चलाउन मिल्ने व्यवस्था आदि समेत पर्नेछ नगरपालिकाले शहरीकरणका आवश्यक मापदण्डहरुमा उपरोक्त पक्षहरुलाई समाबेश र प्रवर्द्धन गर्नेछ ।

(२) कार्यपालिकाले योजना बनाइ नगरपालिका क्षेत्र भित्र सार्वजनिक खुल्ला स्थान तथा सार्वजनिक पार्कको निर्माण र संरक्षण गर्नेछ ।

## परिच्छेद ७
## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

२१. **स्वास्थ्य पूर्वाधार र मापदण्डः** (१) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्वर्धन गर्नेछ ।

(२) पूर्वाधार मापदण्डको आधारमा स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मत संभार गर्नेछ ।

(३) कार्यपालिकाले नगरपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्थाको वर्गिकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्युनतम औजार तथा उपकरणको उपलव्धता सुनिश्चित गर्नेछ ।

२२. **जनशक्तिको व्यवस्थापनः** (१) नगरपालिका भित्रका स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नको लागि देहाय वमोजिमको जनशक्ति रहने छ ।

(क) स्थायी

(ख) करार

(ग) अभ्यासकर्ता / अनुसन्धानकर्ता

(घ) स्वयमसेवक/ स्वयमसेविका

(२) कार्यपालिकाले स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपूर्ति गर्नेछ ।

(३) कार्यपालिकाले जनशक्तिको क्षमता अभिवृद्दिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धीत निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(४) नगरपालिका क्षेत्र भित्र स्वास्थ्यकर्मीका लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(५) जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र तोकिए बमोजिम हुनेछ ।

२३. **कार्यसम्पादन करार गर्नुपर्ने**: स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कार्यविवरण बनाई कर्मचारीहरू सँग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्नुपर्नेछ ।

## परिच्छेद ८

## विपद व्यवस्थापन र जनस्वास्थ्य निगरानी

२४. **विपद व्यवस्थापन संयन्त्रः** (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदहरूको पुर्वतयारी, जाँच पड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ ।

(२) सम्भावित महामारीको जोखिम पहिचान गरि त्यसको रोकथामको लागि अन्य संस्था तथा निकाय सँगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ ।

(३) नगरपालिकाले महामारी र विपदवाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि अन्य स्थानीय सरकार , प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ ।

२५. **जनस्वास्थ्य आपतकाल** : (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा प्रमुखले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरि स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिसमा आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछ ।

(२) उप दफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, केही समयका

लागि हो र सो कुन कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धीत सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नुपर्नेछ ।

(४) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्धी तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सक्नेछ ।

(५) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिसमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु कर्तव्य हुनेछ ।

## परिच्छेद – ९

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

**२६. औषधी तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण सम्वन्धी व्यवस्था** : (१) नगरपालिकाले निशुल्क वितरण गर्ने वा फार्मेसी मार्फत विक्रि गर्ने औषधी सूची निर्माण गरि औषधी तथा स्वास्थ्यजन्य उपकरणको खरिद, भण्डारण र वितरणको लागि

स्वास्थ्य शाखाले वार्षिक खरिद योजना बनाउनेछ र नगरपालिकाको कार्यालयले खरिद गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको औषधी खरिद गर्दा सार्वजनिक खरिद ऐन र औषधी सम्वन्धी प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(३) नगरपालिका मातहतका स्वास्थ्य संस्थामा औषधी खरिद, आपूर्ति, भण्डारण तथा विक्री गरिने औषधीको हकमा मूल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

२७. **निःशुल्क औषधी** : (१) नगरपालिकाले नि:शुल्क औषधी नगर भित्रका सार्वजनिक स्वास्थ्य संस्था मार्फत मापदण्ड बनाई वितरण गर्नेछ ।

२८. **नियमण** : (१) कार्यपालिकाले संघीय तथा प्रार्देशिक तहका प्रचलित कानुन समेतलाई आधार मानी नगरपालिका क्षेत्र भित्र औषधीको विक्री, वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

## परिच्छेद–१०

## साझेदारी र सहकार्य

२९. **साझेदारी र सहकार्य गर्नसक्ने** :(१) कार्यपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानुनको अधिनमा रहि आवश्यकता अनुसार स्थानीय,

प्रार्देशिक तथा संघीय तहमा कार्यरत निजि , सरकारी तथा गैरसरकारी संस्था तथा निकाय सँग सहकार्य गर्न सक्नेछ ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनिकरणको लागि कार्यपालिकाले अन्य स्थानीय सरकार सँग सहकार्य गरि आफ्नै क्षेत्र भित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्था मार्फत सेवा प्रवाह गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोनजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य नगरपालिका सँग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमा खर्च बाँडफाँड गर्ने गरि संयुक्त सेवा सम्झौता गर्न सक्नेछ ।

३०. **सेवा खरिद सम्झौता गर्न सक्ने** : नगरपालिका क्षेत्रका बासिन्दालाई स्वास्थय सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले नगरपालिका क्षेत्र भित्र संचालित वा नगरपालिका आसपासमा पायक पर्ने स्थानमा संचालित निजी, गैरसरकारी, सामुदायीक, सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्था सँग सेवा खरिद सम्झौता गर्न सक्नेछ ।

३१. **बिद्यालय स्वास्थ्य सेवा** : (१) नगरपालिकाले शैक्षिक निकाय तथा बिद्यालयहरु सँग सहकार्य गरि बिद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्नेछ ।

(२) बिद्यालय स्वास्थ्य सेवा र बिद्यालय नर्स सम्वन्धि व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३२. घुम्ती शिबिर सम्बन्धि व्यवस्था**: (१) स्वास्थ्य सम्बन्धि घुम्ती शिबिर वा सेवाहरु संचालन गर्दा शाखाबाट पूर्व अनुमति लिनु पर्ने छ ।

(२) घुम्तीस्वास्थ्य शिबिर वा सेवाहरु प्रदान गर्दा पुरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद -११

## स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रबिधि तथ्यांक अभिलेख

**३३. तथ्यांक संकलन र अभिलेखिकरण** : (१) नगरपालिकाले आफ्नो क्षेत्रमा घर परिवार तह सम्मको स्वास्थ्य सम्बन्धि तथ्यांक अभिलेख संकलन गरि पूर्ण रूपमा अध्यावधिक गर्ने पद्दतिको विकास गरिने छ ।

(२) नगरपालिका क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवा सम्बन्धि तथ्यांक र अभिलेख नगर एकिकृत स्वास्थ्य ब्यबस्थापन सूचना प्रणालीमा नियमित रुपमा अध्यावधिक गराउनु पर्नेछ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य राख्नु पर्ने छ ।

(४) नगरपालिका, इजाजत पत्र प्राप्त स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सँग

सम्बन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा नगरपालिकाको हुनेछ ।

(५) नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धि सुचनाहरु नियमित रूपले अध्यावधिक गरि सार्बजनिक गरिने छ ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धि सुचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ ।

(७) शाखाले आवधिक रूपमा नगर स्वास्थ्य सर्वेक्षण गर्नेछ ।

(८) आपतकालीन जनस्वास्थ्य समस्याको सूचना तुरुन्त उपलब्ध गराउने छ।

**३४. जानकारी पाउने हक** : बिरामीलाई आफ्नो उपचार सम्बन्धि सम्पूर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु सबै स्वास्थ्य सेवा प्रदायकको हुनेछ ।

## परिच्छेद -१२

## आकस्मिक स्वास्थ्य सेवा

**३५. आकस्मिक स्वास्थ्य सेवाबाट बन्देज नगरिने** : (१) नगरपालिका क्षेत्र भित्र संचालित कुनैपनि स्वास्थ्य संस्थामा कुनैपनि बिरामी

व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि व्यक्तिलाई जीवनरक्षा गरि स्थिर अवस्थामा ल्याउने सम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको कर्तब्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा ब्यबस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा बर्गिकरण गरि प्राथमिकता तोकी उपचार गर्न सक्नेछ ।

(४) उप दफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ ।

**३६. एम्बुलेन्स सेवा** : (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्था सँगको सहकार्यमा एम्बुलेन्स सेवा संचलन गर्नेछ ।

(२) शाखाले नगरपालिका क्षेत्र भित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरू नेपाल सरकार / स्थानीय तहले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(३) नगरपालिका क्षेत्र भित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरू संचालकले शाखामा दर्ता तथा बार्षिक नवीकरण

गराउनु पर्नेछ साथै दर रेट नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(४) नगरपालिकाले अन्य स्थानीय सरोकारवालाहरु सँगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ ।

(५) उप दफा (३) बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ ।

## परिच्छेद -१३

## प्रेषण तथा उपचार प्रणाली

**३७. प्रेषण तथा उपचार प्रणाली** : (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुनसक्नेछ ।

(२) उप दफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ ।

(४) गरिब तथा बिपन्न नागरिकको उपचार सहयोग संघ / प्रदेश र स्थानीय तहले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-१४

## कसूर र दण्ड सजाय

**३८ . कसूर गरेको मानिने** : (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसुर गरेको मानिने छ ।

(क) दफा ९ बमोजिम इजाजत पत्र नलिई स्वास्थ्य संस्था संचालन गरेमा,

(ख) स्वास्थ्य सेवा प्रदान गर्न नमानेमा वा लापरबाही गरेको प्रमाणित भएमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ५० बमोजिम सेवाग्राहीलाई समान ब्यबहार नगरेको पाइएमा,

(ङ) सेवाग्राहीको गोपनीयता कायम नगरेको देखिएमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तरगतको कर्तब्य निर्बाह गर्न बाधा पुर्याएमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई जानी जानी गलत सूचना दिएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन हर्कत गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारि भएको सूचना पालना नगरेमा,

(ट) दफा १७ बमोजिम खाद्यपदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकुल असर पारेमा,

(ठ) दफा १८ बिपरित कसैले बिज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बिपरितको अन्य कुनै कार्य गरेमा ।

(ढ) स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS/ DHIS-2) प्रतिबेदन मासिक / बार्षिक रुपमा नगरेमा,

(ण) स्वास्थ्य उपचार उपलब्ध गराउने क्रममा सेवा प्रदायक र संस्थामा कानून बिपरितका कार्यहरु (हातपात, दुर्व्यवहार, तोडफोड) गरेमा

(२) उप दफा (१) कोखण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुने,

(३) उप दफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च ), (छ), (ज), (झ), (ञ), (ट), (ड) र (ढ) बमोजिमको कसूर गरेमा पांच हजार देखि तीस हजार सम्म जरिबाना,

(४) उप दफा (१) को खण्ड (ठ) बमोजीमको कसूर गरेमा बिज्ञापन प्रशारण गर्नेलाई एकहजार देखि पांच हजार रुपैयाँसम्म जरिबाना ।

३९ . **मुद्दा हेर्ने अधिकारी** : यस ऐन अन्तरगत सजाय हुने कसुर सम्बन्धि मुद्दाको शुरु कारवाही र किनारा लगाउने अधिकार न्यायिक समितिलाई हुनेछ ।

४० . **पुनरावेदन** : यस ऐन अन्तरगत सजाय हुने कसुर सम्बन्धि मुद्दामा न्यायिक समितिले गरेको निर्णय उपर पैंतीस दिन भित्र जिल्ला अदालतमा पुनाराबेदन लाग्नेछ ।

## परिच्छेद-१५

## स्थानीय जनस्वास्थ्य बोर्ड

४१. **स्थानीय जनस्वास्थ्य बोर्डको गठन** : (१) नगरपालिकाले जनस्वास्थ्य सँग सरोकार राख्ने निकायका उच्च अधिकारीहरु तथा बिज्ञहरुको संलग्नता हुनेगरि निम्न बमोजिमको जनस्वास्थ्य परिषद वा बोर्ड स्थापना गर्नेछ ।

(क) प्रमुख – अध्यक्ष

(ख) उपप्रमुख – उपाध्क्षय

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक –सदस्य

(ङ) कार्यपालिकाका एक जना महिला सदस्य –सदस्य

(च)कानुन शाखा प्रमुख वा कानुनी सल्लाहकार –सदस्य

(छ) नगर अस्पताल/प्रदेश अस्पतालको मे.सु. –सदस्य

(ज)नगर भित्रका जनस्वास्थ्य बिज्ञबाट –सदस्य

(झ)नगर शिक्षा शाखा प्रमुख - सदस्य

(ञ) स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिब

(२) बोर्डको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बोर्डले देहायका कार्य गर्नेछ–

(१) स्थानीय स्तरमा स्वास्थ्य सम्बन्धि सुरक्षा, स्वास्थ्य प्रबर्धन स्वास्थ्य सम्बन्धि नीति निर्माण गर्ने,

(२) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्माण गर्ने,

(३) राष्ट्रिय स्तरको स्वास्थ्य योजना अनुसार नीति बनाउने र लागु गराउने,

(४) जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय रणनीति, ढाँचा वा नियमहरुलाई स्थानीय तहमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन, अनुगमन तथा समन्वय गर्ने,

(५) रोगहरुको नियन्त्रण, रोकथाम, लगायत जनस्वास्थ्यको समग्र सुधार सम्बन्धि कुनैपनि बिषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(६) नगरले तोकेका अन्य स्वास्थ्य सम्बन्धि परामर्शका कार्यहरु ।

(ख) स्वास्थ्य सँग सम्बन्धित कुनै बिषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप समिति बनाउन सक्नेछ ।

(३) बोर्ड सम्बन्धि अन्य कार्यकारी परिषद आफैंले निर्माण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -१६

## विविध

४२. **समन्वय गर्ने** : संघीय तथा प्रादेशिक अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुर्याउनेछ ।

४३. **नियम बनाउन सक्ने** : यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाकाले आबश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरि लागुहुनेछ ।

४४. **मापदण्ड र निर्देशिका बनाउन सक्ने** : यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड र निर्देशिका बनाउन सक्नेछ ।

४५ . **स्वास्थ्य कार्यक्रम संचालन गर्ने** : कार्यपालिकाले लक्ष्य निर्माण गरि योजना निर्माण, कार्यान्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार स्वास्थ्य / जनस्वास्थ्य सम्बन्धि प्रवर्द्रनात्मक, प्रतिकरात्मक, उपचरात्मक तथा पुनस्थानपना सम्बन्धि कार्यक्रमहरू संचालन गर्न सक्नेछ ।

४६. **आमा तथा नब शिशु सेवा कार्यक्रम संचालन गर्ने** : (१) कार्यपालिकाले गर्भवती महिला, आमा र शिशुको लागि पोषण तथा स्वास्थ्य सुरक्षा कार्यक्रमको संचालन र प्रबर्धन गर्नेछ ।

(२) नगर कार्यपालिकाले योजना बनाई स्तनपान प्रवर्द्रनका कार्यक्रम संचालन गर्ने छ ।

(३) कार्यपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र कुपोषणको पहिचान, न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनस्थापनाको कार्यक्रम संचालन गर्नेछ ।

४७. **सामाजिक सुरक्षा र स्वास्थ्य बीमा** :(१) नगरपालिका क्षेत्र भित्रका सबै बासिन्दालाई स्वास्थ्य वीमा ऐनले तोके बमोजिम अनिवार्य बिमामा आबद्द बनाउने कार्यपालिकाको दायित्व हुनेछ ।

(२) कार्यपालिकाले सम्बन्धित निकाय सँगको सहकार्यमा सामाजिक सुरक्षा जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) कार्यपालिकाले आर्थिक रूपले बिपन्न तथा लक्षित समुहको स्वास्थ्य बीमा गराउन अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय निकायहरू सँग समन्वय गर्नेछ ।

(४) महिल, बालबालिका, किशोर किशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, आर्थिक सामाजिक र शारीरिक रुपमा पछि परेका वर्ग र समुहहरुका लागि कार्यविधि बनाई कार्यपालिकाले बिशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) कार्यपालिकाले बिशेष संरक्षणको आवश्यकता भएका दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त, जनआन्दोलनका घाइते तथा अपांग र अन्य समुहहरूका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

४८. **अधिकार प्रयोग गर्न सक्ने** : यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

४९. **सेवाग्राहीको कर्तब्य** : (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परिक्षण गराउनु प्रत्येक नागरिकको कर्तब्य हुनेछ ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने र चिकित्सक तथा तथा स्वास्थ्यकर्मी लाई मर्यादित एवं शिष्ट

ब्यबहार गर्नु नगरपालिका भित्रका प्रत्येक नागरिकको कर्तब्य हुनेछ ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईनेछैन । त्यस्ता व्यक्तिहरूको बारेमा कार्यपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजिकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ ।

**५०. सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायीत्वः** (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रर्दायकको दायीत्व हुनेछ ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सवै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरि सेवा दिनु सबै स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विरामीको अवस्थाको आधारमा सेवा प्रर्दायकले उपचार गर्दा प्राथमिकरण गर्न सक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ ।

**५१. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने** : स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनैपनि स्वास्थ्य संस्थामा नियमित र आकस्मीक सेवा अवरुद्ध गर्न पाईने छैन ।

**५२. गुनासो व्यवस्थापन** : कार्यपालिकाले स्वास्थ्यसेवा, सरसफाई र जनस्वास्थ्य सँग सम्बन्धीत गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्नेछ ।

**५३. प्रचलित कानून वमोजिम हुने** : यस ऐनमा लेखिए जति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५५. क्षति पूर्ति दिनुपर्ने** : नगरपालिका भित्र कुनै व्यक्ति वा संस्थाको गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा वा समयमा सेवा नदिएमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउन सक्नेछ ।

**५५. खारेजी र बचाउः** यो ऐन लागु हुनु पूर्व नगरपालिका अन्तरगत संचालित क्रियाकलाप यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत